## बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बागमती प्रदेश, काभ्रेपलाञ्चोक

### अनुदानको मल वितरण गर्न इच्छुक सहकारी संस्था, फर्म वा कम्पनीबाट

# दरखास्त आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७७।७।२७)

नेपाल सरकारबाट स्वीकृत अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्र अनुदानको मल बिक्री वितरण गर्न चाहने योग्य इच्छुक दर्तावाल सहकारी संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र देहायका विवरण खोली दरखास्त पेश गर्न ऐ निर्देशिकाको दफा १५ बमोजिम यो सूचना प्रकाति गरिएको छ।

१. सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण,(सहकारी संस्थाको हकमा सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपि,

२. सम्बन्धित वडा कार्यालयको सिफारिस,

३. विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

४. स्थायी लेखा नम्बर दर्ताको प्रमाण,

५. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण,

६. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण,

७. संस्थाले रासायनिक मल वितरण गर्न चाहेको कार्यक्षेत्र, र

८. रासायनिक मल वितरणको इजाजत पत्र लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि र विगत दुई वर्षको मल वितरणको विवरण।